हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आर्थिक विकिस महाशाखा(पशुपन्छी विकास शाखा)

हेटौंडा, मकवानपुर

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८०।०८।२१ गते)

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखाको आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिकको क्षेत्र भित्रका ईच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मितिः२०८०।०९।०५ गते)सम्ममा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन।

तपशिल

| क्र. सं. | कार्यक्रमको नाम | वजेट | लागत साझेदारी प्रतिशत | साझेदार संस्था/आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| १ | गरिब विपन्न तथा एकल महिला पशुपालन कार्यक्रम | १०,००,०००/ | ३० प्रतिशत | इच्छुक एकल महिला | |
| २ | छोरी पशुधन कार्यक्रम | ५,००,०००/- | ३० प्रतिशत | इच्छुक व्यक्ति तथा कृषक | |
| ३ | माछा तथा हाँस उत्पादन कार्यक्रम | ५,००,०००/- | ३० प्रतिशत | इच्छुक कृषक/कृषक समूह/ कृषि सहकारी/ माछा पालन फर्म /व्यक्ति | |
| ४ | रैथाने गाई संरक्षण कार्यक्रम | २,००,०००/- | ३० प्रतिशत | इच्छुक कृषक/कृषक समूह/ कृषि सहकारी | गोठ व्यवस्थापन/ पोषण |

आवश्यक कागजातहरु:

- गरिब विपन्न तथा एकल महिला पशुपालन कार्यक्रमको हकमा

१)निवेदन ,हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ।

२) ''एकल महिला" भन्नाले आर्थिक रुपमा विपन्न देहायका महिला सम्झनु पर्छ :-

क)सम्बन्ध विच्छेद गरेकी महिला,

ख) विधवा,

ग) पैतिस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला,

घ) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा वेपत्ता भएकी महिला,

ङ)अंशवण्डा गरि वा मानो छुट्टिई पतिसंग अलग बसेकी महिला ।

३)कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।

४)सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।

५)सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र।

६) प्रस्ताव अनुसारको लागत अनुमान।

महाशाखा प्रमुख

➢ **छोरी पशुधन कार्यक्रमको हकमा**

१)निवेदन , हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ।
२)न्युन आर्थिक अवस्था भई छोरीलाई विधालय पठाउन नसकेको परिवार ।
३)दलित, विपन्न, लोपउन्मुख जाति,एकल महिला,दीर्घरोगी,अपाङ्गता भएका,अभिभावक विहिन (संरक्षकको परिचयपत्र र वडा कार्यालयको सिफारिस |
४)कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
५)सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।
६)सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र।
७) प्रस्ताव अनुसारको लागत अनुमान।

➢ **माछा तथा हाँस उत्पादन कार्यक्रमको हकमा**

१)निवेदन , हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ।
२)माछा तथा हाँस पालन गरेका कृषक ।
३)कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
४)व्यावसायिक माछापालन फर्म/कृषक समूह/ कृषि सहकारीको हकमा ,व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिप,स्थाईलेखा (PAN)को प्रतिलिप,करचुक्ताको प्रतिलिपि र समूह र सहकारीको निर्णय प्रतिलिपि |
५)सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।
६)सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र।
७) प्रस्ताव अनुसारको लागत अनुमान।

➢ **रैथाने गाई संरक्षण कार्यक्रमको हकमा**

१)निवेदन , हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पशुपन्छी विकास शाखामा निवेदन दिनुपर्नेछ।
२)रैथाने गाई पालन गर्न इच्छुक कृषक/ रैथाने गाई पालन गरेका कृषक हुन पर्ने
३) रैथाने गाई पालन गरेको भनि सम्बन्धित वडा कार्यालय / पशु सेवा केन्द्रको सिफारिस |
४)कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
५)सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।
६)सम्बन्धित पशु सेवा केन्द्रको सिफारीस पत्र।
७) प्रस्ताव अनुसारको लागत अनुमान।

नोटः विगत ३ वर्ष देखि संघ,प्रदेश र स्थानीय सरकारवाट सम्वन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्नेछ। निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु वुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा तथा पायक पर्ने पशु सेवा केन्द्रमा सम्पर्क गर्नु होला।

हेटौंडा उपमहानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, पशुपन्छी विकास शाखा, पशु सेवा केन्द्र,वडा कार्यलय ,हेटौंडा
सम्पर्क मो. ०५७-५९०१०२,९८४६८४०५६७,

महाशाखा प्रमुख